गरेपछि : after doing
भात खाएपछि राम स्कूल गयो : Ram went to school after eating rice.
राम गएपछि म आफ्नो काम गर्नेछु : I will do my job after Ram's going.
आफ्नो काम गरेपछि तिमी जाऊ : Go away after doing your job.

(b) The postpositions मा and देखि, in addition to their occurrence with infinitival verbals, also occur with perfect participial verbals. This construction has a special meaning though, namely, expression of a condition.

e.g.. खाए मा : if eaten
देखि

In many contexts, it expresses a probable (not certain) situation and states it as a condition.

e.g. तिमीले रामलाई भेटेमा उसलाई यो किताप देऊ
भेटेदेखि

In case you saw (happen to see) Ram, give him this book.

In all of the above constructions, the use of the postpositions (मा and देखि) is optional.

(c) The postposition देखि also occurs with perfect participials in its usual sense simply to mean 'since' or 'ever since'.

e.g. औषधि खाएदेखि ऊ सुतेको छ : He has been sleeping ever since taking medicine.

B. Another form of the verb that can occur before the postposition is -एको.

e.g. ऊ गएकाले (as usual, in this -एको the participial form will appear in the oblique form -एका with postpositions).

Basically there is no difference in meaning from the above -नाले construction except that this form in the participial implies perfective aspect. In most situations the English translation will be the same.

PATTERN DRILLS

v-ना+ले— धेरै	पढ्नाले	राम	दुब्लायो
	नखानाले		थाक्यो
	सुत्नाले		
	हिंड्नाले		
	दुगुर्नाले		

धेरै		रुनाले	राम	दुब्लायो
		लेख्नाले		थाक्यो
		काम गर्नाले		
		चुरोट खानाले		
		रक्सी खानाले		

लाई—	राम	पास हुनलाई	पढ्दै छ
		राम्रो काम पाउनलाई	लेख्तै छ
		इज्जत कमाउनलाई	प्रयत्न गर्दै छ
		ठूलो हुनलाई	
		इनाम पाउनलाई	

पछि—	राम	भात खाएपछि	स्कूल	गयो
		किताप पढेपछि		
		सीता आएपछि		
		श्याम गएपछि		
		साथी रोएपछि		
		पानी परेपछि		
		घाम लागेपछि		
		बतास थामिएपछि		
		रेडियो किनेपछि		
		घन्टी लागेपछि		

EXERCISES

A. Make a suitable selection from among the three phrases given below to complete each of the sentences :

1. ……उसलाई रोग लाग्यो।
   (a) धेरै मासु खानाले
   (b) धेरै पढ्नबाट
   (c) धेरै खानतिर

2. ……स्कूल बन्द थियो।
   (a) हिजो म पढ्नको लागि
   (b) हिजो मेरी छोरी पढ्नबाट
   (c) हिजो आइतबार हुनाले

3. ……पास हुने थियो।
   (a) तिमीले नेपाली राम्ररी पढेपछि
   (b) तिमीले नेपाली राम्ररी पढ्नदेखि
   (c) तिमीले नेपाली राम्ररी पढेदेखि

4. ……उसलाई सबैले मन पराउँछन्।
   (a) राम्ररी पढ्नतर्फ
   (b) राम्ररी पढ्नलाई
   (c) राम्ररी पढेकाले

5. ……निको हुन्छ।
   (a) औषधि खाएमा
   (b) औषधि खाएकामा
   (c) औषधि खानबाट

6. ……राम कविता पढ्नेछ।
   (a) भात खानमा
   (b) भात खाएपछि
   (c) भात खानदेखि

7. ……म राम्ररी पढ्दै छु।
   (a) पास हुनलाई
   (b) पास हुनतिर
   (c) पास हुनदेखि

8. ……ऊ मोटो हुने थियो।
   (a) मासु प्रशस्त खानका लागि
   (b) मासु प्रशस्त खानाले
   (c) मासु प्रशस्त खाएदेखि

9. ……उसलाई यो खबर सुनाऊ।
   (a) तिमीले रामलाई देख्नाले
   (b) तिमीले रामलाई देख्नदेखि
   (c) तिमीले रामलाई देखेदेखि

10. ……श्याम घर गयो।
   (a) मैले भेटेपछि
   (b) मैले भेटेदेखि
   (c) मैले भेट्नदेखि

B. Match these sets :

(a) राम्ररी पढेकाले/राम्ररी पढेको हुनाले
(b) आज आइतवार हुनाले
(c) पानी परेकाले/पानी परेको हुनाले
(d) ओखती राम्ररी खाएमा
(e) ऊ पुस्तक लिनलाई/ऊ पुस्तक लिनको लागि
(f) उसकी बहिनी गीत गाउनबाट
(g) तिमी दुब्ला भएका हुनाले
(h) नेपाली पढेदेखि
(i) सीतालाई भेटेदेखि
(j) धेरै हिउं परेकाले/धेरै हिउं परेको हुनाले

(a) छाता लिएर मात्र बाहिर जानू
(b) गाडी चलेन
(c) यो खबर सुनाइदेऊ
(d) श्याम पास भयो
(e) नेपालमा कुरा गर्न सजिलो हुन्छ
(f) खानतिर ध्यान देऊ
(g) सबै जना चर्चतिर गएका छन्
(h) ऊ चाँडै निको हुन्छ
(i) पुस्तकालय जान्छे
(j) थाक्क भई

C. Select one out of the postpositions given for each of the sentences below :

1. मासुसित भात खाए......रमा स्कूल गई । (देखि, बाट, पछि, मा)
2. मासुसित भात खाए......उसको पेट दुखेको छ । (मा, देखि, लाई)

3. मासुसित भात खाए......ऊ बलियो हुन्थ्यो । (को लागि, बाट, मा, पछि)
4. मासुसित भात खाए......ओखती खानुपर्दैन । (ले, लाई, बाट, को, देखि)
5. मासुसित भात खाए......ऊ मस्त सुतेकी छे । (मा, देखि, तिर, बाट)

D. Select the appropriate postpositions and insert them in the blank spaces provided. Make changes, if necessary, in the forms of the verbals that occur before them :

रामको विज्ञान पढ्नु......(देखि, बाट, तिर) ठूलो इच्छा थियो । नेपालमा विज्ञान पढाउने स्कूल नहुनु......(बाट, पछि, ले) ऊ अमेरिका आएको थियो । ऊ कट्टर बाहुन हुनु......(सित, मा, ले) मासु खाँदैनथ्यो । तर चामल र पीठो जति पनि पाइएको......(बाट, ले, तिर, मा) उसलाई सजिलो भयो । एक दिन धेरै आलु र भात खाए......(मा, पछि, तर्फ) उसलाई पेट दुख्छ । रोग जँचाउनु......(मा, देखि, बाट, तर्फ, को लागि) अस्पताल गए......(देखि, बाट, मा, पछि) डाक्टरले जाँचेछ र ओखती लेखिदिएछ । दाम धेरै भएको हुनु......(मा, ले, बाट, लाई) उसले ओखती किनेर खाएनछ । ओखती खाए......(मा, बाट, पट्टि) ऊ निको हुनेथियो तर वास्ता नगरेको......(तिर, ले, मा) उसको रोग झन बढेछ । माछा खाए......(बाट, पट्टि, देखि, सम्म) निको होला भनी उसले सोचेछ । तर माछा खाए......(सम्म, मा, देखि, बाट) ऊ त झन ओछ्यान पो परेछ । डाक्टरको कुरो मान्नु...... (तर्फ, ले, लाई, सित) नलागेको......(तिर, मा, ले) ऊ मरेछ ।

E. Translate the completed sentences above into English.

Lesson 5

Review of Tense Forms-I

A. The most common tense forms of Nepali with their distinctive meanings are given below. What is highlighted is the basic structure of the forms, cited in the third person singular, and their uses. Only the masculine forms that go with **म**, **हामी**, **तँ**, **तिमी**, **त्यो**, **तिनी** and **तपाईं** are given in the table for overall grasp. The details of number, gender and person agreement can be looked up in the appropriate appendix.

1. **Present Tense** : This tense is formed by adding the auxiliary in **छ** to the verb stem. A verb stem ending in a vowel adds **न्** after it.

v-stem + न् + छ

e.g. **खान्छ** : eats

	खान्छु	**खान्छौं**
खानुहुन्छ	**खान्छस्**	**खान्छौ**
	खान्छ	**खान्छन्**

The present tense is used essentially for two functions.

(i) Habitual Action :

म दिनहुँ तीन सुन्तला खान्छु : I eat three oranges every day.
नेपाली क्लास दस बजे हुन्छ : The Nepali class meets at 10 o'clock.

(ii) Simple Future :

म भोलि शिकागो जान्छु : I will go to Chicago tomorrow.

The time adverbs used play a significant role in determining whether the tense is to be used in the habitual or future sense.

Note : There is an alternative older form for the present tense that is not in much use today. This is made essentially by adding -**व** to the verb stem; **गर्नु** : **गर्व**, e.g. **म गर्वछु** which means the same as **म गर्छु**.

The present tense forms of हो and हुन्छ :

हुन्छ is the present tense habitual form of **हो/छ** and is thus used for the expression of phenomena that habitually and usually happen. e.g.

आइतबार पसलमा धेरै भीड हुन्छ तर आज पनि पसलमा धेरै भीड छ	: There is usually a big rush in the store on Sundays, but it is crowded today, too.
नेपाली शहरहरू साना हुन्छन् तर काठमाडौं ठूलो शहर हो	: Nepali towns are usually small, but Kathmandu is a big city.

The negative of **हुन्छ** is **हुँदैन** 'is not usually', whereas the negative of **हो** is **होइन**.

II. Past Tense :

v-stem + **यो**

e.g. खायो : (he) ate

खाएँ	खायौं
खाइस्	खायौ
खायो	खाए

खानुभयो

This form is used to express a single action event in the past (as opposed to habitual action in the past).

मैंले गएको आइतवार धेरै रक्सी खाएँ : I drank a lot last Sunday.
म अस्ति सोमवार स्कूलमा ढीलो आएँ : I was late to school last Monday.

III. Past Habitual :

v-stem + **थ्यो**

e.g. **खान्थ्यो** : (he) ate, i.e. he used to eat

खान्थें	खान्थ्यौं
खान्थिस्	खान्थ्यौ
खान्थ्यो	खान्थे

खानुहुन्थ्यो

म पोहोरसम्म चुरोट खान्थें : I used to smoke till last year.

PATTERN DRILLS

Present-future—

(i) ऊ	दिनहुँ	सुन्तला खान्छ
	सधैं	किताप पढ्छ
	दिनैंपिच्छे	स्कूल जान्छ
	हरेकदिन	रक्सी/चुरोट खान्छ
	सधैंजसो	काम गर्छ

ऊ	धेरजसो	छिटो/ढिलो उठ्छ/सुत्छ
	अचेल	कोट/टोप लगाउँछ
	आजभोलि	
	हिजोआज	

(ii) ऊ	भोलि	स्कूल जानेछ/जान्छ
	एक छिन पछि	रुनेछ/रुन्छ
	अब	पढ्नेछ/पढ्छ
	पर्सि	घरमा बस्नेछ/बस्छ
	एक हप्ता/महिना/वर्ष पछि	हलल्ल हाँस्नेछ/हाँस्छ
		लेख लेख्नेछ/लेख्छ
		गीत गाउनेछ/गाउँछ

Past Habitual/Simple—

(i) उनीहरू	पोहोरसम्म	तरुल	खान्थे, अब खाँदैनन्
	अस्तिसम्म	खसीको मासु	
	एक हप्ता अघिसम्म	आलु	
		माछा	
		भटमास	
		भुटेको मकै	
		दहीभात	
		पीरो अचार	
		जाँडरक्सी	
		चियाकफी	

Repeat the sentences above with different subjects.

(ii) अघि मैले दुइटा किताप लिएँ, तर यस अघि म एउटा मात्र लिन्थें
हिजो मैले माछा र मासु दुवै खाएँ, तर यस अघि म माछा मात्र खान्थें
रक्सी दूध
चुरोट सुपारी

यस पाला म मिल्वाकी गएँ, तर यस अघि म म्याडिसन मात्र जान्थें
फ्रान्स र इटाली प्यारिस
आज मैले दुइटा सुन्तला किनें, तर यस अघि म एउटा मात्र किन्थें

EXERCISES

A. Make an appropriate selection of **हो** or **हुन्छ** to fill out the blank spaces in the following sentences :

नेपाल भारत र चीनको छिमेकी राज्य……। त्यहाँ मकै र धानको खेती ……। तराईमा गर्मी……तर पहाडमा भने जाडो……। नेपालको राजधानी काठमाडौं……। काठमाडौं हावापानी ठिक्क भएको ठाउँ……तर त्यहाँ पनि हिउँदमा त जाडो……। नेपालीहरूको मुख्य खानेकुरो भात……। भातसित मासु पनि……तर नेपालीहरू भातसित दाल, सागसब्जी र अचार खान्छन्। नेपालमा आलु पनि……। दसैंमा हरेक घरमा मासु……। दसैं नेपालीहरूको सबैंभन्दा ठूलो चाड……। दसैं र तिहारमा नेपालभरि रमाइलो……।

B. Change the main verbs of the following sentences to the simple present tense to show habitual action :

e. g. म जाँदै छु : म जान्छु
रामले भात खायो : राम भात खान्छ

1. म रामलाई चिठी लेख्नै छु ।
2. ऊ घर गई र निकै बेर रोई ।
3. हरि आल्मारीबाट किताप झिक्नेछ र रामहरूलाई पढाउने छ ।
4. महाभारतको कथा औधि राम्रो थियो भन्ने मेरो विचार थियो ।
5. तिमीले धेरै सुन्तला खायौ ।
6. दिए सीता सुन्तला खान्थी ।
7. उनी सुन्तला खाँदै थिइन् भनी तिनी भन्थे ।
8. उनी सुन्तला खाँदै थिए भनी तिनी भन्थिन् ।

9. रामले बहिनीलाई किताप दियो र उसले दाजुलाई चिया दिई।
10. बादल गर्जंदै थियो र ठूलो झरी दर्कंदै थियो।

C. Change the appropriate form of the verb :

e.g. म धेरै रक्सी खान्छु
गएको आइतवार—गएको आइतवार मैंले धेरै रक्सी खाएँ
पोहोरसम्म —पोहोरसम्म म धेरै रक्सी खान्थें
भोलि—भोलि म धेरै रक्सी खानेछु

राम किताप पढ्छ

1. श्याम र राम
2. हिजो
3. हिजोसम्म
4. भोलि
5. छोरी
6. गएको सोमवार
7. छोरो
8. सधैं
9. गएको वर्षसम्म
10. हामी

D. English uses the same form of verb where Nepali employs two separate forms each for habitual and simple past actions. Translate the following pairs of sentences into Nepali using appropriate verbal forms :

1. (a) I smoked a lot when I was a child.
   (b) I smoked a lot yesterday.
2. (a) John woke up at 6 when he was in Nepal.
   (b) The last Friday morning, John woke up at 6.
3. (a) Jane walked to office until she bought a car.
   (b) Jane walked to office the last Wednesday.
4. (a) Both of them went to buy vegetables until July last.
   (b) Both of them went to buy vegetables on the tenth of July.
5. (a) She wrote to her father regularly.
   (b) She wrote to her father the day before yesterday.

Lesson 6

Review of Tense Form-2

IV Past Unreal :

v-stem + ने + थियो

e. g. खाने थियो : would have eaten

खाने थिएँ	खाने थियौं
खाने थिइस्	खाने थियौ
खाने थियो	खाने थिए

खानुहुने थियो

This form is used to express what may be called unreal past, something might have been or might have happened but didn't, e.g.

म नेपाल जाने थिएँ	I would have gone to Nepal (but didnot).
उसले मलाई पैसा दिने थियो र म घर किन्ने थिएँ	He would have given me money, and I would have bought a house (but none of this happened).
पैसा भएको भए ऊ घर किन्ने थियो	If he had had money, he would have bought a house.

The past unreal has also an alternative form खान्थ्यो identical with the past habitual form given above.

V **Future :**

v-stem + ने + छ

e. g. खाने छ : (he) will eat

खाने छु	खाने छौं
खाने छस्	खाने छौ
खाने छ	खाने छन्
खानु हुने छ	

This form is clearly recognized as having future action meaning, but is interchangeable with the present tense form used for future meaning.

e.g. म खाने छु : I will eat
म खान्छु

VI **Continuous :**

The continuous aspect can occur both in the present and the past. A future form is possible but it is not very common.
The form is

v-stem + इ + रहेको + छ (present)
थियो (past)
हुने छ (future)

e. g. खाइरहेको छ : is eating
खाइरहेको थियो : was eating
खाइरहेको हुने छ : will be eating

खाइरहेको छु	खाइरहेका छौं
थिएँ	थियौं
हुने छु	हुने छौं
खाइरहेको छस्	खाइरहेका छौ
थिइस्	थियौ
हुने छस्	हुने छौ
खाइरहेको छ	खाइरहेका छन्
थियो	थिए
हुने छ	हुने छन्
खाइरहनुभएको छ	
थियो	
हुने छ	

Note that the last element is simply the three tenses of the auxiliary छ.

Note : There are three other verbal forms that can be used for the expression of the continuous aspect :

(i) v-stem + दै + छ; e.g. गर् + दै + छ = गर्दै छ

(ii) v-stem + दो + छ; e.g. गर् + दो + छ = गर्दो छ (this form is not in much use)

(iii) v-stem + इ + रहे + छ; e.g. गर् + इ + रहे + छ = गरिरहेछ

VII Perfective :

The perfective aspect parallels the continuous aspect construction and similarly has all the three tenses. The form is

v-stem + एको + छ (present)
थियो (past)
हुनेछ (future)

e. g. **खाएको छ** : has eaten
खाएको थियो : had eaten
खाएको हुने छ : will have eaten

खाएको छ	**खाएका छौं**	
थिएँ	**थियौं**	
हुने छु	**हुने छौं**	
खाएको छस्	**खाएका छौ**	**खानुभएको छ**
थिइस्	**थियौ**	**थियो**
हुने छस्	**हुने छौ**	**हुने छ**
खाएको छ	**खाएका छन्**	
थियो	**थिए**	
हुने छ	**हुने छन्**	

The perfective has a commonly used spoken form in the past in which the **को** of the participial ending **-एको** is dropped and the copula has a shortened form.

e.g. **ऊ गएको थियो** : He had gone
ऊ गएथ्यो

मैंले खाएको थिएँ : I had eaten
मैंले खाएथें

PATTERN DRILLS

PAST UNREAL—

(i) राम्ररी पढेको भए	ऊ पास हुने थियो/हुन्थ्यो
	उसले प्रथमश्रेणी ल्याउने थियो/ल्याउंथ्यो
ऊ मासु खाएको भए	मोटाउने थियो/मोटाउँथ्यो
उसले मासु खाएको भए	सीता खुशी हुने थिई/हुन्थी

	म पनि खाने थिएँ/खान्थेँ
ऊ हाँसिको भए	सबै हाँस्ने थिए/हाँस्थे
	म पनि हाँस्ने थिएँ/हाँस्थेँ
	सीता पनि हाँस्ने थिई/हाँस्थी
ऊ रोएको भए	काम बिग्रने थियो/बिग्रन्थ्यो
	म पनि रुने थिएँ/रुन्थेँ
	बहिनी पनि रुने थिई/रुन्थी

(ii)	रामायणको कथा आउने भए	म सुनाउने थिएँ/सुनाउँथेँ
		ऊ सुनाउने थिई/सुनाउँथी
		ऊ सुनाउने थियो/सुनाउँथ्यो
		उनीहरू सुनाउने थिए/सुनाउँथे
	घाममा भात पाक्ने भए	म पकाउने थिएँ/पकाउँथेँ
		तिनी पकाउने थिए/पकाउँथे
		तिनी पकाउने थिइन्/पकाउँथिन्
		तिनीहरू पकाउने थिए/पकाउँथे
	हिन्दी फिलिम देखाउने भए	म पनि हेर्ने थिएँ/हेर्थेँ
		राम पनि हेर्ने थियो/हेर्थ्यो
		सीता पनि हेर्ने थिई/हेर्थी
		तिमी पनि हेर्ने थियौ/हेर्थ्यौ

CONTINUOUS—

(i)	हिजोदेखि	अहिलेसम्म	पानी परिरहेको छ
	दस बजेदेखि		हिउँ
	बिहानदेखि		बतास चलिरहेको छ
	दिउँसोदेखि		गर्मी बढिरहेको छ
	साँझदेखि		जाडो
			राम काम गरिरहेको छ
			तिमी पढिरहेका छौ
			हामी खाइरहेको छौं
			कपाल दुखिरहेको छ
			म सुतिरहेको छु

(ii)	हिजोदेखि	अधिसम्म	पानी	परिरहेको	थियो
	अस्तिदेखि	बिहानसम्म	हिउँ		
	तीन दिनदेखि	साँझसम्म	बतास	चलिरहेको	थियो
	एक हप्तादेखि	दिउँसोसम्म	बादल	लागिरहेको	थियो
		दस बजेसम्म			

PERFECTIVE—

(i)	आज ऊ यहाँ आउँदैन,	घरमैं बसेको छ
		पसल गएको छ
		बम्बई गएको छ
		नुहाउन गएको छ
		आरामले सुतेको छ
	आज ऊ भात खाँदैन,	व्रत बसेको छ
		रोटीले अघाएको छ
		मासुले टन्न भएको छ
		पूजामा लागेको छ
		रिसाएको छ

(ii)	मैले उसलाई घरमा भेटिनँ,	किनभने ऊ	पाटन गएको थियो
	म उसको घरमा गइनँ		स्कूलमैं बसेको थियो
	रामले उसलाई घरमा भेटेन		माछा मार्न गएको थियो
	राम उसको घरमा गएन		
	राम हिँडेर आयो,	किनभने	आज बस ढिलो भएको थियो
			गाडी बिग्रेको थियो
			दिन रमाइलो भएको थियो
			घाम लागेको थियो
			दिन उघ्रेको थियो

EXERCISES

A. Match the following sets :

(a) म मन्दिर गएको भए
(b) तिमी पास भएका भए
(c) बाघले झम्टेको भए
(d) रामले मासु खाएको भए
(e) खसीको मासु पाकेकाले
(f) रात बितिसकेको भए
(g) पानी परेको भए
(h) भोक लागेकाले
(i) राम्ररी पढ्ने हुनाले
(j) घाम चर्केकाले

(a) बाख्राहरू डरले कराउने थिए
(b) राम हरेक चोटि पास भइरहेको थियो
(c) भाले बास्ने थिए
(d) ऊ दालभात खाइरहेकी थिई
(e) देवताको प्रतिमामा फूल चढाउने थिएँ
(f) ऊ पनि भात खान बसिरहेको छ
(g) गर्मी भइरहेको छ
(h) म पनि खाने थिएँ
(i) राम्रो काम पाउने थियौ
(j) बाली सप्रने थियो

B. Change the main verbs of the sentences given below into the past perfective :

दस बज्छ। राम कुर्सीबाट उठ्छ र ऊ आङ तान्छ। उसलाई भोक लाग्छ। ऊ हतारहतार मुख धुन्छ, कपाल कोर्छ र लुगा फेरेर बाहिर

निस्कन्छ । ऊ सरासर भोजनालयतिर जान्छ । भोजनालय भित्र पसेर एउटा कुर्सीमा बस्तै ऊ अन्डा, पाउरोटी र चिया मगाउँछ अनि कुपु-कुपु खान्छ । खाइसकेपछि पैसा तिरेर ऊ सटासट पुस्तकालय जान्छ । त्यहाँ उसको भेट श्यामसित हुन्छ । श्याम र ऊ मिलेर अंग्रेजीका शिक्षकलाई भेट्छन् । शिक्षक तिनलाई पढाउन राजी हुन्छन् । ती दुवै साथी खुशी हुन्छन् ।

C. Rewrite the sentences given in B changing the main verbs to

(i) the present perfective
(ii) the present continuous
(iii) the past continuous

D. Select the appropriate verbal forms to complete the sentences :

1. हिजो राम स्कूलमा (a) पढेको छ
(b) पढेको थियो
(c) पढ्दै छ
(d) पढ्दै थियो
2. आज रामले घरमा (a) पढेको छ
(b) पढ्दै छ
(c) पढ्दै थियो
(d) पढिरहेको थियो
3. हिजो मेरी बहिनीले भात (a) पकाउँदै थिई
(b) पकाएकी थिई
(c) पकाएकी छे
(d) पकाइरहेकी छे
4. आज म रामलाई स्कूलको काममा (a) लगाएको छु
(b) लगाएको थिएँ
(c) लगाइरहेको थिएँ

(d) लगाएको थिइनं

5. प्रचेल धेरै पानी
(a) परिरहेको थिएन
(b) परिरहेको छैन
(c) परेको थिएन
(d) पर्दै थिएन

E. Answer the following question in the past perfective verbal forms using the given words :

e.g. हिजो तिमीले किन भात खाएनौ ?
कपाल दुख्नु : मेरो कपाल दुखेको थियो
रोटी खानु : मैले रोटी खाएको थिएँ
सोमवार तिमी किन स्कूल गएनौ ?
घरमा पाहुना आउनु : घरमा पाहुना आएका थिए
घरको काम नगर्नु ; घरको काम गरेको थिइनं
राम हिजो दस बजे किन रोयो?

(a) उसलाई श्यामले कुट्नु
(b) ऊ कामबाट निकालिनु
(c) उसको बाख्रो हराउनु
(d) उसको साथी मर्नु
(e) ऊ फेल हुनु
(f) उसको पुस्तक च्यातिनु
(g) उसलाई विरह चल्नु
(h) उसको खुट्टो भाँचिनु
(i) उसले चिताएको कुरो नपुग्नु
(j) उसको घर भत्कनु

Lesson 7

Review of Tense Forms-3

VIII **Injunctive :**

v-stem + ओस्

e.g. खाओस् : he may eat

खाऊँ	खाऔं
खा	खाऊ
खाओस्	खाऊन्
खानु होस्	

The injunctive forms make up a paradigm together but the meanings usually highlight different aspects of injunction depending on the person.

In the second person it is perceived as an imperative.

e.g. तँ खा : (you) eat
तिमी खाऊ : (you) eat
तँ नजा : (you) don't go
तिमी यो काम नगर : (you) don't do this work

In the first person it is used primarily to seek permission. e.g. म भित्र आऊँ? : May I come in?

In the third person it expresses permission granted to someone. e.g.

ऊ जाओस् : Have him go.
उनीहरू जाऊन् : Have them go.

Apart from the above, for all persons the injunctive forms can also be used to express wish, hope, etc.

e.g.

म चाहन्छु कि म दिनहुं एउटा सुन्तला खाऊं : I wish to eat an orange every day

म चाहन्छु कि ऊ दिनहुं एउटा सुन्तला खाओस् : I wish him to eat an orange every day.

In the second person, however, it has a special form ending in -एस् (plural -ए). e.g.

म चाहन्छु कि तँ दिनहुं एउटा सुन्तला खाएस् : I wish you to
म चाहन्छु कि तिमी दिनहुं एउटा सुन्तला खाए eat an orange
तँ दिनहुं एउटा सुन्तला खाएस् भनी म चाहन्छु every day

IX **Future Presumptive :**

v-stem + ला

e.g. खाला : will probably eat

खाउँला	खाओंला
खालास्	खाउला
खाला	खालान्

खानु होला

This also is a future form but indicates uncertainty.

e.g. शनिवार ऊ आउला : He may come on Saturday (He will probably come on Saturday).

X **Narrative Tense :**

v-stem + ए + छ
e.g. खाएछ : has eaten; ate

खाएछु खाएछौं
खाइछस् खाएछौ
खाएछ खाएछन्
खानुभएछ

एक बाजि एउटा राजाले सुन्तला खाएछ : Once a king ate an orange.

This tense from is very commonly used in narratives. Sometimes an entire story can be told using this tense. This tense has the implication of revealing new information or discovering new information. The verb **रहनु** in the form **रहेछ** is quite commonly used to reveal new information. Other verbs as well as this verb are used to express the sense of surprised discovery.

e.g. मसित एउटा मात्र चुरोट रहेछ : I have only one cigarette left, I find
मेरो साथीले नयाँ गाडी किनेछ : My friend has bought a new car, I find

Note that the narrative tense is used only in the present tense of the Copula **छ**. In the past tense of the copula **छ**, this construction is semantically no different from the past perfective. The past tense of the copula in this construction has a contracted form.

e.g. मैले खाएथें : I had eaten
मैले खाएको थिएँ

खाएथें खाएथ्यौं
खाइथिस् खाएथ्यौ
खाएथ्यो खाएथे
खानुभएथ्यो

PATTERN DRILLS

INJUNCTIVE :

तँ ठूलो भएस् भनी उसलाई आमाले आशीष दिनुभयो

राम्रो
भाग्यमानी
ज्ञानी
विद्वान्
धनी
सुखी
मन्त्री
राजदूत
भन्सारको हाकिम

FUTURE PRESUMPTIVE :

(i) ऊ	भात	खाला	तर	मासु	नखाला
	मुन्तला			ज्यामीर	
	काँक्रो			अचार	
	गुलियो			पीरो	
	अमिलो			तीतो	
	मीठो			भान्टा	
	भोगटे			लौका	
	फलफूल			काफल	
	अन्डा			आरूबखडा	
	रामतोरियाँ			गुन्द्रुक	
	फर्सी			सिन्की	

(ii) म	काठमाडौं	जाउँला	र	पशुपतिको मन्दिर	घुमुँला
		पुगुँला		गुह्येश्वरीको मन्दिर	हेरुँला

वनकाली
दक्षिणकाली
बूढा नीलकण्ठको मन्दिर
त्रिभुवन विश्वविद्यालय
टुँडिखेल
नयाँ सडक
चक्रपथ
बालाजु

NARRATIVE :

काठमाडौं	पुगेर	उसले	सुन्तला खाएछ र	घोडे जात्रा हेरेछ
			मासुभात खाएछ र	मन्त्रीहरूलाई भेटेछ
			गाडी किनेछ र	चक्रपथमा चलाएछ
		ऊ	बस चढे छ र	गोदाबरी गएछ
			गाडी	पाटन
			टेम्पो	चिडियाखाना
			घोडा	विश्वविद्यालय
				पशुपतिनाथ
				गुह्येश्वरी
				बानेश्वर
				चाबेल
				भादगाउँ
				ठिमी

EXERCISES

A. Change the main verbs in the following sentences into narrative :

एउटा राजकुमार केही सिपाहीलाई साथमा लिन्छ र शिकार खेल्न जंगलतिर जान्छ। घनघोर जंगलमा ऊ पुग्छ। पानी पर्न थाल्छ। ओत लाग्ने ठाउँ हुँदैन। त्यसको खोजमा ऊ सिपाहीहरूलाई पठाउँछ। सबै सिपाहीहरू घोडा कुदाउँछन् र अलप हुन्छन्। पानी बढ्दै जान्छ। राजकुमार निथ्रुक्कै भिज्छ। सिपाहीहरू फर्कंदैनन्, हराउँछन्। बिचरो राजकुमार अन्धाधुन्ध घोडा दुगुराउँछ। घोडालाई ढिस्कामा ठेस लाग्छ र दुवै पछारिन्छन्। राजकुमार पुरै हिलाले ढाकिन्छ। तर पानी परिरहन्छ र कतै बाटो देखिँदैन। राजकुमार फेरि घोडा चढ्छ। उसलाई भोक लाग्छ, थकाइ लाग्छ र डर लाग्छ। एक छिन पछि पानी थामिन्छ। साँझ पर्छ। धमिलो साँझमा ऊ एउटा किसानको झुप्रामा पुग्छ।

B. Give the appropriate forms of the given verbs in their injunctive forms :

e. g. ऊ भात———(खानु) भन्ने मेरो विचार छ
ऊ भात खाओस् भन्ने मेरो विचार छ

1. ऊ रमाइलो मेला———(जानु) भनी मैले भनें।
2. सीता रमाइलो मेला———(जानु) भनी उसकी आमाले भनिन्।
3. आमाले तिमी भाग्यमानी———(हुनु) भन्ने आशीष दिनुभयो।
4. तँ सबै पाठ———(पढ्नु) भनी तिनले मलाई अह्राए।
5. हामी अब आफ्ना आफ्ना कामतिर———(लाग्नु) भनी जुरुक्क उठ्यौं।
6. केटाकेटीहरू———(सप्रनु) भन्ने उद्देश्यले पुस्तकालय खोलियो।
7. विद्यार्थीहरू माथिल्लो श्रेणी———(चढ्नु) भनी गुरुले भन्नुभयो।
8. म अब———(सुत्नु) भनी सीता घरतिर लागी।
9. नेपाल उँभो———(उठ्नु) भनी मित्रराष्ट्रहरू सहयोग गर्दै छन्।
10. छिमेकीहरूको सम्बन्ध राम्रो———(हुनु) भन्ने को चाहँदैन र ?

C. Rewrite the following sentences changing the verbal forms into the future presumptive :

e. g. हिजो म शिकागो गएँ
भोलि : भोलि म शिकागो जाउँला

1. अस्ति राम र श्यामले आगो तापे
भरे :

2. पोहोर सीता खूब पढ्थी
आगौं .

3. हिजो रामले खसी काट्यो
आज :

4. गएको आइतवार हामी निकै रोयौं
आउँदो आइतवार :

5. अघि तँ हाँसिस्
अब :

6. गएको साल तिमी दुब्लायौ
आउँदो साल :

7. अचेल तिमी आसाध्य हाँस्छ्यौ
अब :

8. हिजो त्यो बिछट्टै रोई
पर्सि :

9. अस्ति राति तिनीहरू मिल्वकी पुगे
भरे बेलुका :

10. अघि बिहान उनले भात खाइन्
अब सात बजेतिर :

D. Frame imperative sentences as directed :

e. g. खाजा खान मन लागेको भए
(a) तँलाई——तँलाई खाजा खान मन लागेको भए खा ।

(b) तिमीलाई——तिमीलाई खाजा खान मन लागेको भए खाऊ ।

(c) तपाईंलाई——तपाईंलाई खाजा खान मन लागेको भए
खानुहोस् ।

1. सुत्न मन लागेको भए
2. पढ्न मन लागेको भए
3. काठमाडौं जान मन लागेको भए
4. रुन मन लागेको भए
5. रुवाउन मन लागेको भए
6. लुगा धुन मन लागेको भए
7. नाच्न मन लागेको भए
8. मारुनी नचाउन मन लागेको भए
9. तारो हान्न मन लागेको भए
10. छोरो पाउन मन लागेको भए
11. कथा सुन्न मन लागेको भए
12. हाँस्न मन लागेको भए
13. दुनियाँलाई हँसाउन मन लागेको भए
14. खाजा खुवाउन मन लागेको भए
15. मौरी पाल्न मन लागेको भए

Lesson 8

Review of Tense Forms-4

B. Compound Stems

Nepali uses various modal elements to modify the meaning of the main verb, such as, the modals **सक्नु** (to be able to), **दिनु** (to allow to), **पाउनु** (to get to), **गर्नु** (to do habitually), etc. There are two important things to remember in this connection : (i) the main verb occurs in a special form depending on the modal selected, and (ii) the main verb and the modal together form a compound stem, which then can enter into all the ten tense constructions listed above.

e.g.	**खान्छ**	: eats
	खान सक्छ	: is able to eat
	खायो	: ate
	खान सक्यो	: was able to eat
	खान्थ्यो	: used to eat
	खान सक्थ्यो	: used to be able to eat
	खाने थियो	: would have eaten
	खान सक्ने थियो	: would have been able to eat
	खाने छ	: will eat
	खान सक्ने छ	: will be able to eat
	etc.	

The shape of the main verb in compound stems is of two types : (i) infinitival in **-न**, **-नु** and **-ने**; and (ii) gerundive in **-इ**.

(i) With most modals, the form of the main verb is v -न :

v-न	सक्नु	'to be able to'
	दिनु	'to allow to'
	जान्नु	'to know how to'
	पाउनु	'to get to'
	थाल्नु/लाग्नु	'to begin to'

(ii) (a) The form v-नु occurs only with two modals पर्नु 'to be necessary to', and हुनु 'to be appropriate to'.

e.g. खानु पर्छ : it is necessary to eat, must eat, should eat

खानु पर्‍यो : it was necessary to eat

खानु पर्ने छ : it will be necessary to eat

खानु हुन्छ : it is appropriate to eat

खानु भयो : it was appropriate to eat

खानु हुने छ : it will be appropriate to eat

Note : This construction uses the subject in the oblique case with ले/लाई. There is no number, person, gender agreement in the verb.

(b) v-stem + नु + छ
थियो

e.g. खानु छ : has to eat (is intended or planned to eat)

खानु थियो : had to eat (was intended or planned to eat)

The infinitival in -नु also occurs with the present and the past of the auxiliary (छ and थियो) to express an action planned or intended. In this case, too, the subject is in the oblique case with ले or लाई and there is no number, person, gender agreement in the verb.

e.g. मैले/मलाई नेपाल जानु छ : I have (a plan or intention) to go to Nepal
थियो had

(iii) With the modal गर्नु 'to do something habitually', the main verb occurs in the form v-ने. e.g.

ऊ दिनहुँ एउटा सुन्तला खाने गर्छ : He eats an orange (habitually) every day.
म दिनहुँ दूध खाने गर्थें : I used to drink milk every day.
ऊ दिन भरि केवल सुत्ने गर्छ : He just sleeps all day.

The main verb in -इ

(iv) (a) The modals सक्नु, दिनु, and हाल्नु require the main verb in the form v-stem+इ. These modals add a completive sense (among other things) to the main verb. दिनु is used primarily with active (rather than passive) verbs.

e.g. उसले भात खाइसक्यो : He completed to eat rice.
उसले खबर सुनाइदियो : He gave the message.
मैले चिठी लेखिहालें : I wrote the letter immediately.
म स्कूल गइहाल्छु : I go to school immediately.

(b) The modal रहनु also occurs with the main verb in the form v-stem+इ. It can most conveniently be translated by the English modal 'keep'. e.g.

ऊ खाइरहन्छ : He keeps eating.

उसले त्यस दिन बदम खाइरह्यो : He kept eating peanuts that day.

C. Verbal Constructions with होला :

होला at the end of verbal constructions expresses presumption.

(a) It can occur with all finite verbal constructions described above except the future persumptive ending in -ला (no. 9 above). होला is an invariant form and does not show agreement for person, number and gender.

e.g. ऊ खान्छ होला : He would probably eat

उसले खायो होला : He probably ate

ऊ खाइरहेको छ होला : He would probably be eating

(b) होला can also occur with the non-finite participial forms of the verb (imperfective -दै, perfective -एको, and continuous रहेको). In this case, however, होला will agree for person, number and gender.

e.g. म खाँदै हुँला : I may be eating.

ऊ खाँदै होला : He may be eating.

मैले खाएको हुँला : I might have eaten.

उसले खाएको होला : He might have eaten.

उनले खाएका होलान् : He might have eaten.

म खाइरहेको हुँला · I may be eating.

तिमी खाइरहेका होला : You may be eating.

ऊ खाइरहेको होला : He may be eating.

हुँला हौँला
होलास् हौला
होला होलान्

हुनु होला

PATTERN DRILLS

—नु छ: भोलि मलाई काठमाडौं पुगेर कमेज किन्नु छ र पढ्न
मैले थाल्नु छ

डेरा खोज्नु छ र पशुपतिको
मन्दिर हेर्नु छ

रामलाई भेट्नु छ र विश्व-
विद्यालय घुम्नु छ

टुँडिखेल जानु छ र फूटबल
खेल हेर्नु छ

कमलपोखरी जानु छ र
पाउरोटी किन्नु छ

नयाँ सडक जानु छ र घडी
बनाउन दिनु छ

गाडी लिनु छ र मन्त्रीलाई
भेट्नु छ

घर किन्नु छ र बेपार गर्नु
छ

जहानलाई
मगाउनु छ

छोरालाई स्कूल
हाल्नु छ

—नु थियो :

हिजो मलाई काठमाडौं पुगेर कमेज किन्नु थियो र पढ्न थाल्नु थियो
मैले

डेरा खोज्नु थियो र पशुपतिको मन्दिर हेर्नु थियो
रामलाई भेट्नु थियो र विश्वविद्यालय घुम्नु थियो
टुंडिखेल जानु थियो र फूटबल खेल हेर्नु थियो
कमलपोखरी जानु थियो र पाउरोटी किन्नु थियो
नयाँ सडक जानु थियो र मन्त्रीलाई भेट्नु थियो
घर किन्नु थियो र बेपार गर्नु थियो
जहानलाई मगाउनु थियो
छोरालाई स्कूल हाल्नु थियो

—नु + पर्छ——

विद्यार्थीले राम्ररी पढ्नु पर्छ र पास गर्नु पर्छ
बिरामीले ओखती खानुपर्छ र डाक्टरलाई भेट्नुपर्छ
छोराले बाबुको अर्ती मान्नुपर्छ र नम्र हुनुपर्छ
छोरीले आमाको सिको गर्नुपर्छ र शिष्ट हुनुपर्छ
सरकारले जनताको पीरमर्का बुझ्नुपर्छ र उन्नतितिर लाग्नु पर्छ
सबै जनताले मीठो खान पाउनुपर्छ र राम्रो लाउन पाउनुपर्छ
पसलेले राम्रा कुरा बेच्नुपर्छ र मनग्गे पैसा कमाउनुपर्छ

—न + सक्छ——

राम हलो जोत्न सक्छ भने सीता कोदालो चलाउन सक्छे
लेख लेख्न सक्छ पढ्न सक्छे
पुराण लगाउन सक्छ व्रत बस्न सक्छे
अंग्रेजी बोल्न सक्छ बंगाली बोल्न सक्छे
दिल्ली जान सक्छ ढाका जान सक्छे
पौरी खेल्न सक्छ नाच्न सक्छे
गाडी हाँक्न सक्छ गफ हाँक्न सक्छे

राम	मासु पकाउन सक्छ	भने सीता	डकने पकाउन सक्छे
	घर किन्न सक्छ		मोटर किन्न सक्छे
	पसल खोल्न सक्छ		मालहरू बेच्न सक्छे

EXERCISES

A. Use the appropriate form of **होला** :

e. g. हामी गयौ : हामी गयौ होला
राम जान्छ : राम जान्छ होला
हामी जाँदै : हामी जाँदै हौला
तिमी गइरहेका : तिमी गइरहेका हौला

1. म शिकागो जान्छु
2. सीता पढ्न लागी
3. मेरो पुस्तक हराएको छ
4. तिमी बाठा छौ
5. तिमी पढिरहेका
6. तिमी बाठा
7. तिमी बाठा थियौ
8. स्कूल खुल्यो
9. श्याम पढ्दै छ
10. पानी रहेको
11. हामी फूटबल हेर्दै
12. म सुतिरहेको
13. तँ खाँदै
14. तँ खाँदै छस
15. पानी चिसो

16. हामीले पढेका थियौं
17. हामीले पढेका
18. म खाँदै
19. बहिनी घर गएकी
20. बहिनी घर गएकी थिई

B. Insert the appropriate form of the main verb in the blank space in each of the following sentences :

e. g. म भात——सक्छु (खानु) : (a) म भात खाइसक्छु
(b) म भात खान सक्छु

राम स्कूल——गर्छ (जानु) राम स्कूल जाने गर्छ

1. भाइ——गर्थ्यो (पढ्नु)
2. मैले पुस्तक——परेको छ (पढ्नु)
3. रामले श्यामलाई सुन्तला——सक्यो (दिनु)
4. उनीहरू मासु——गर्छन् (खानु)
5. म उसलाई मासु——दिन्छु (खानु)
6. उसले किताप——सक्यो (पढ्नु)
7. उसले पछि गएर——पर्ला (रुनु)
8. ऊ भरे सम्म——रहला (सुत्नु)
9. रामको बिहेमा मीठा मीठा खानेकुरा——पाइनेछ (चाख्नु)
10. अचेल पानी——थालेको छ (पर्नु)
11. काम भनेको तुरुन्तै——हाल्नुपर्छ (गर्नु)
12. काम भनेको तुरुन्तै——हाल्नुपर्छ (सक्नु)
13. मलाई रामसित सिनेमा——थियो (जानु)
14. ऊ स्कूलमा——लागेकी छे (पढाउनु)
15. ऊ स्कूलमा——गर्छे (पढाउनु)

C. Answer the following questions with the appropriate form of the main verb with सक्नु :

e. g. (a) रामले भात खायो ? खाइसक्यो
(b) राम भात खान सक्छ ? खान सक्तैन

Notice that the first answer in the example above has the completive sense and the second answer shows ability only.

1. के गोही आँसु झार्न सक्छ ?
2. के राम भात खान सक्थ्यो ?
3. के रामले भात खान सक्यो ?
4. के गोहीले आँसु झार्‍यो ?
5. के मान्छे चन्द्रमामा पुग्यो ?
6. के सीता काठमाडौं जान सक्थी ?
7. मान्छे चन्द्रमामा पुग्न सक्छ ?
8. सीता काठमाडौं गई ?
9. के राम सबै पाठ पढ्न सक्छ ?
10. रामले सबै पाठ पढ्यो ?

D. Fill in the blank spaces with the correct forms of (a) पढ्नु, (b) सुन्नु, (c) पढाउनु, and (d) सुनाउनु :

1. उसले रामायण——गरेको छ
2. उसले रामायण——परेको छ
3. उसले रामायण——सकेको छ (completive)
4. उसले रामायण——सकेको छ (ability)
5. उसले रामायण——थालेको छ
6. उसले रामायण——जानेको छ

7. उसले रामायण——छ
8. उसले रामायण——पाएको छ
9. उसले रामायण——हालेको छ
10. ऊ रामायण——लागेको छ
11. ऊ रामायण——रहेको छ
12. उसले श्यामलाई रामायण——दिएको छ

Lesson 9

Structure of the Negative Verbal Forms

The negative particle न is incorporated into the verbal form in basically three different ways—(i) after the verb, (ii) before the verb, and (iii) in a limited way between the main verb and the auxiliary.

1. After the verb :

(a) The negative occurs after the auxiliary and carries the number person markers, if any.

e.g. छैन : (he or she) is not

होइन : (he or she) is not

थिएन : (he) was not

छैनन् : (they) are not

होइनन् : (they) are not

थिएनन् : (they) were not

(b) In verbal constructions involving only main verbs without auxiliaries also the negative occurs after the verb and carries the number and person markers. This would apply to simple present and simple past.

e.g. जाँदैन : (he) does not go

जाँदैनस् : (you) don't go

गएन : (he) did not go

खाइनँ : (I) did not eat

पढेन : (he) did not read

जाँदैनन् : (they) do not go

जाँदैनौ : (you) don't go

गएनन् : (they) did not go

खाएनौं : (we) did not eat

पढेनन् : (they) did not read

(c) It is to be noted that all verbal constructions that involve an auxiliary have their negative counterparts by negating only the auxiliary.

e.g. खाएको छु : (I) have eaten

खाएको छैनँ : (I) have not eaten

खाने छु : (I) will eat

खाने छैनँ : (I) will not eat

खाने थिएँ : (I) would eat

खाने थिइनँ : (I) would not eat

खाँदै छु : (I) am eating

खाँदै छैनँ : (I) am not eating

खाँदै थिएँ : (I) was eating

खाँदै थिइनँ : (I) was not eating

2. **Before the verb** :

The injunctive, the imperative, the future in -ला and all the non-finite verbal forms including the infinitival have their negative counterparts by prefixing न-. e.g.

Injunctive : नखाऊँ नखाओं

नखाएस्   नखाए
नखाओस्   नखाऊन्

Imperative : नखा : don't eat

नखाऊ : don't eat
नजा : don't go
नजाऊ : don't go
नखानुहोस् : (please) don't eat
नजानुहोस् : (please) don't go

Future in -ला : नहोला   नहोलान्
नखाला   नखालान्
नजाउँला   नजाऔंला

Nonfinite : नखाएको   नखाएकी   नखाएका
नगएको   नगएकी   नगएका
नखाने
नजाने
नगर्ने
नखानु   नखान
नजानु   नजान
नगर्नु   नगर्न

3. In only two constructions, namely the narrative tense and the past habitual is it the case that the negative is inserted between the main verb and the auxiliary.

e.g. म खसेंछु : I fell down, I find.
म खसिनछु : I did'nt fall down, I find.
त्यो गएछ : He went, I find.

त्यो गएनछ : He did'nt go, I find.

म खान्थें : I used to eat.

म खान्नथें : I was not in the habit of eating.

त्यो काम गर्थ्यो : He used to work.

त्यो काम गर्दैनथ्यो : He was not in the habit of working.

PATTERN DRILLS

(i)	मैंले	भात	खाएंछु/खाइनंछु
		साग	
		मासु	
		आलु	
		तमाखु	
		कुखुरो	
		रक्सी	
		दूध	
		पानी	
		चुरोट	
		घिउ	
		आम	

(ii)	त्यो	उता	गएछ/गएनछ
	राम	त्यता	जान्थ्यो/जाँदैनथ्यो
	श्याम	घर	
	मान्छे	बारीतिर	
	केटो	सडकतिर	

गाई

बाख्रो

भेडो

राँगो

यो

(iii)	म	भात	खान्थें/खान्नथें
		साग	
		मासु	
		आलु	
		रक्सी	
		दूध	
		चुरोट	
		गम	
		घर	जान्थें/जान्नथें
		घरमा	रुन्थें/रुन्नथें
		स्कूलमा	पढ्थें/पढ्दिनथें
		चिठी	लेख्थें/लेख्तिनथें
		काम	गर्थें/गर्दिनथें
		काम	गराउँथें/गराउँदिनथें
		धारामा	नुहाउँथें/नुहाउँदिनथें

EXERCISES

A. (a) Answer the following questions in negative form (in full sentence) :

e.g. राम अमेरिकामा छ ?
अहँ, राम अमेरिकामा छैन ।

1. यो साँचो खबर हो ?
2. तपाईं घोडाको मासु खानुहुन्छ ?
3. उसका बा ठूलो काम गर्नु हुन्छ ?
4. तपाईंले मेरो मिल्ने साथी देख्नुभयो ?
5. हिमालमा यती छ ?
6. दमाईले लुगा सिएको छ ?
7. तपाईं भोलि तराईमा जाने ?
8. मैले गुरुलाई यो कुरो भन्ने ?
9. आज पुराण सुन्ने ?
10. यो खोर्सानी पीरो रहेछ ?
11. उसले भरियालाई देखेछ ?
12. उसको काम मिलेछ ?
13. ऊ पोहोर-परार खेतमा काम गर्‍यो ?
14. तपाईं सानो छँदा माछा मार्नु हुन्थ्यो ?
15. तपाईं गाउँमा पीरो तरकारी खानुहुन्थ्यो ?

(b) Change all verbals into negative :
e.g. चाहिने काम गर
नचाहिने काम नगर

1. पाकेको आँप खाऊ
2. किनेको कुरो लेऊ
3. साथी आउँदा हाँस
4. भोक लागे खानुहोस्
5. राम राम्रो नम्बर पाएर खुशी भयो

6. देखेको काम सबै सकियो
7 हाँसे काम बिग्रन्छ
8. लाग्ने चक्कुले मासु काट्नुपर्छ
9. चिन्ने मान्छेसँग बोल्नु हुन्छ
10. जान्ने मान्छेसित बुझ्नु राम्रो हो

B. Change the following main verbs into negative :

e.g. सीताले भात खाई : सीताले भात खाइन

1. सीता भात खान्छे, हाट भर्न जान्छे र लखतरान भएर घर फर्कन्छे ।
2. नेपालमा उन्नति भयो भनी सबै भन्छन् ।
3. अचेल राम मासु र दूध खान्छ र प्रशस्त कसरत गर्छ ।
4. ऊ जाने गाउँको बाटो सोध्छ र नजाने गाउँतिर जान्छ ।
5. मेरा बगैंचामा लटरम्म आँप र सुन्तला लाग्छन्, पाक्छन्; खानेले खान्छन् र नखाइसकेका जति जम्मै कुहुन्छन् र झर्छन् ।

C. Change all the negative verbals into affirmative and the affirmative into negative :

e.g. मासु नखानेले मासु खाने कुरा गरेको सुनिंदैन ।
मासु खानेले मासु नखाने कुरा नगरेको सुनिन्छ ।

1. बाबुआमालाई माया नगर्नेलाई फटाहा रहेछ भन्छन् ।
2. ध्यान दिएर नपढ्नेलाई अल्छे भने हुन्छ ।
3. राता लुगा लगाउने मान्छेलाई नदेखे उसलाई केही हुँदैन ।
4. भन्नु जति सजिलो गर्नु भए सबै मान्छे लखपति हुन्थे ।
5 छेउ न टुप्पाको कुरो गरेर समय काट्नु भन्दा चूप लागेर बस्नु नै जाती हो ।

D. Match the sets and turn the appropriate verb into its negative form :

(a) तँ खुरुक्क बजार गएर	(a) यसकारण उसलाई तीर्खा लाग्यो
(b) हामीहरूले धेरै कोसिस गर्यौं	(b) तापनि उसको लोग्ने खुशी छ
(c) उसले मासु खाई	(c) त्यसैले उसलाई अपच भयो
(d) सीताले छोरी पाई	(d) कमेज किन्न थाल्
(e) ऊ गर्मीमा एकै छिन हिड्यो	(e) तर पुस्तक छिचोल्न गाह्रो भयो

E. (a) Make a suitable choice from the three alternatives, and

(b) turn the main verb of the clause you select into its negative counterpart.

1. तँ घर गएर
   - (a) भात खाएको थिइस्
   - (b) भात खाइस्
   - (c) भात खा

2. हिजो राम र श्याम
   - (a) प्रशस्त फूटबल खेले
   - (b) प्रशस्त फूटबल खेल्दै थिए
   - (c) प्रशस्त फूटबल खेलेका थिए

3. बिचरा भोकाहरू
   - (a) प्रशस्त मासु र भात खाए
   - (b) प्रशस्त मासु र भात खाएका छन्
   - (c) प्रशस्त मासु र भात खाऊन्

4. केटाहरूले मच्ची मच्ची
   - (a) गीत गाए
   - (b) गीत गाउँछन्
   - (c) गीत गाउँथे

5. म सडकमा हिंड्दा
(a) कति पल्ट हँसाएको छु
(b) कति पल्ट हाँसिरहेको छु
(c) कति पल्ट हाँसेको छु

6. रामका बा
(a) खूब चुरोट खान्थे
(b) खूब चुरोट खाए
(c) खूब चुरोट खाएका थिए

7. उनीहरू अचेल
(a) पौरी खेलिरहेका छन्
(b) पौरी खेलेका छन्
(c) पौरी खेल्थे

8. नाचमा जाँदा
(a) रक्सी खानुपर्छ
(b) रक्सी खान सक्छ
(c) रक्सी खाइसक्छ

9. हामी घर पुग्दा तँ
(a) काम गरेको छस्
(b) काम गरी सक्
(c) काम गरिरहेको छस्

10. हामी घर छँदा तैंले
(a) काम गरिरहेको छस्
(b) काम गरेको छस्
(c) काम गरिसकिस्

Lesson 10

Verb Types

In this section we shall discuss the system of verb stems in Nepali that form a series. Unlike English and many other languages, verb stems in Nepali have related forms for transitive, intransitive, causative, and passive. The most convenient account for these relationships is as follows.

Nepali verbs can be classified and understood best in terms of a basic stem and the corresponding derivative stems. Each basic stem has a corresponding causative stem. And, furthermore, for each of these stems (namely, basic and causative), there is a corresponding passive stem, thus providing a series of *four* verbal stems.

The following chart provides an overall picture.

	Basic	*Causative*
	खानु	खुवाउनु
	↓	↓
Passive	खाइनु	खुवाइनु

It is useful to classify the basic stems into two types, (i) transitive-basic, and (ii) intransitive-basic. The following provides a sample list.

TRANSITIVE

Passive	Basic	Causative	Causative Passive	
खाइनु	खानु	खुवाउनु	खुवाइनु	'to eat'

ओढेनु	ओढ्नु	ओढाउनु	ओढाइनु	'to cover'
पढिनु	पढ्नु	पढाउनु	पढाइनु	'to read'
दिइनु	दिनु	दियाउनु	दियाइनु	'to give'
पिइनु	पिउनु	पियाउनु	पियाइनु	'to drink'
भाँचिनु	भाँच्नु	भँचाउनु	भँचाइनु	'to break'
गरिनु	गर्नु	गराउनु	गराइनु	'to do'

INTRANSITIVE

Passive	Basic	Causative	Causative Passive	
रोइनु	रुनु	रुवाउनु	रुवाइनु	'to cry'
हाँसिनु	हाँस्नु	हँसाउनु	हँसाइनु	'to laugh'
दौडिनु	दौड्नु	दौडाउनु	दौडाइनु	'to run'
बनिनु	बन्नु	बनाउनु	बनाइनु	'to be made'
खसिनु	खस्नु	खसाउनु	खसाइनु	'to fall'
भत्किनु	भत्कनु	भत्काउनु	भत्काइनु	'to get broken'

The passive forms of intransitives do occur but are not extensively used.

Examples of Use and Meaning Distinction.

Basic मैंले भात खाएँ : I ate rice.

Passive (मबाट) भात खाइयो : Rice was eaten (by me)

Causative मैंले श्यामलाई भात खुवाएँ : I had Shyam eat rice.
(I caused Shyam to eat rice)

Causative Passive (मबाट) श्यामलाई भात खुवाइयो : Rice was caused (by me) to be eaten by Shyam.

As can be noted, in each of the passive sentences, the original object becomes the subject and the verb agrees with it. The original subject then takes the instrumental postposition बाट.

Basic राम रोयो : Ram cried.
Passive (रामबाट) श्यामको मृत्यु रोइयो : Shyam's death was mourned (by Ram).
Causative रामले श्यामलाई रुवायो : Ram made Shyam cry.
Causative Passive रामबाट श्याम (लाई) रुवाइयो
Shyam was caused (by Ram) to cry.

There is one more causative construction that needs to be mentioned. A periphrastic causative is formed by using the verb लाउनु (or लगाउनु) in construction with the infinitival form of the basic transitives and some of the basic intransitives (those that are active) as well as their causative counterparts.

Thus : खान लाउनु :· to have someone eat
खुवाउन लाउनु : to cause to have someone eat
रुन लाउनु : to make someone cry
रुवाउन लाउनु : to cause to make someone cry
मैंले रामलाई खान लाएँ : I had Ram eat.
मैंले (श्याम बाट) रामलाई खुवाउन लाएँ : I caused (Shyam) to
सित have Ram eat.
मैंले रामलाई रुन लाएँ : I made Ram cry.
मैंले (श्याम बाट) रामलाई रुवाउन लाएँ : I caused (Shyam) to
सित make Ram cry.

PATTERN DRILLS

भात	खाइयो
रक्सी	ल्याइयो
अम्बा	किनियो
आँप	बेचियो

97

पानी	फालियो
चुरोट	थन्क्याइयो
खाजा	झिकियो
मुटेका मर्के	देखाइयो
हरिया मर्के	हेरियो
घिउ	बाँडियो
तेल	
तर्कारी	
मासु	
माछा	
अचार	

राम	लाई	भात	खुवाइयो
सीता		रक्सी	हेराइयो
घोडा		अम्बा	देखाइयो
गाई		साँप	सुँघाइयो
कुकुर		चुरोट	
बिरालो		अचार	
साँढे		तर्कारी	
मान्छे		मासु	
पाहुना		खाजा	
ज्वाइँ		भुजा	
		रोटी	
		काँक्रा	

राम	मान्छे	लाई	भात	खुवाउँछ
	श्याम		रक्सी	खान लगाउँछ
	छोरी		दूध	
	छोरा		चुरोट	
	भाइ		पानी	
	बहिनी		सुन्तला	
	सबै		माछा	
	साथीहरू		मासु	
	हामी		अचार	
	तिमीहरू		तर्कारी	

राम आफू	जाँच दिन्छ	र	भाइलाई पनि	दियाउँछ/दिन लगाउँछ
	भात खान्छ			खुवाउँछ/खान लगाउँछ
	चाँडै सुत्छ			सुताउँछ/सुत्न लगाउँछ
	धेरै पढ्छ			पढाउँछ/पढ्न लगाउँछ
	पुस्तक किन्छ			किनाउँछ/किन्न लगाउँछ
	हाँस्छ			हँसाउँछ/हाँस्न लगाउँछ
	रुन्छ			रुवाउँछ/रुन लगाउँछ

EXERCISES

A. Supply the causative form to complete the second clause :

e.g. सीता आफू खान्छे र गीतालाई पनि...।
सीता आफू खान्छे र गीतालाई पनि खुवाउँछे ।

1. गीता आफू जाँच दिन्छे र सीतालाई पनि...।

2. तेन्जिङ शेर्पा आफू हिमाल चढ्छन् र अरूलाई पनि......।
3. अल्छे आफू पछि पर्छ र साथीलाई पनि पछि......।
4. वैज्ञानिकहरू आफू प्रयोग गर्छन् र आफ्ना सहयोगीहरूलाई पनि......।
5. आमा आफू ढिलो सुत्नुहुन्छ, तर छोराछोरीलाई भने चाँडै......।
6. मैयाँ दिदी आफू हाँस्छिन् र बहिनीहरूलाई पनि......।
7. गीताले मासु खाइन् र श्यामलाई पनि......।
8. मैले चिठी लेखें र रामलाई पनि......।
9. सीता कमेज र चोलो किन्छे र दिदीलाई पनि......।
10. दसैंमा धनीहरू आफू धेरै लुगाफाटा हाल्छन् र गरीबहरूलाई पनि......।

B. Change the forms of the causative in your answers of B as shown :

e.g. सीता आफू खान्छे र गीतालाई पनि......।
सीता आफू खान्छे र गीतालाई पनि खान लगाउँछे ।

C. Insert the appropriate forms of the verb in the Past Habitual in the blank spaces provided :

e.g. नेपालीलाई खस भाषा......(भनिनु) ।
नेपालीलाई खस भाषा भनिन्थ्यो ।

1. नेपालमा राम्रा राम्रा काठका मूर्तिहरू......(बनिनु) ।
2. पशुपतिनाथको मन्दिर हिन्दूहरूको पवित्र देवस्थल......(मानिनु) ।
3. केही वर्षअघि सम्म तराईका जङ्गलमा प्रशस्त शिकार......(खेलिनु)।
4. पन्ध्र बीस वर्षअघि सम्म नेपालमा जति पनि गैंडाहरू......(भेटिनु) ।
5 उहिले नेपाल सभ्यताको उच्च स्थानमा थियो भन्ने निकै प्रमाणहरू ......(पाइनु) ।
6. पहाडका मान्छेलाई रोग लाग्दा धामीझाँक्रीहरू......(लगाइनु) ।

7. माथिल्लो जातका मान्छेहरू खाने र बस्ने ठाउँबाट कामीदमाईहरूलाई ......(हटाइनु) ।

8 नूनको खाँचो भोटबाट......(पुर्‍याइनु) ।

9. मान्छेहरूलाई मोरङबाट सप्तरी जानुपर्दा डुंगाबाट कोशी...... (तारिनु) ।

10. काठमाडौंमा बेचिने दूधमा निकै पानी......(मिसाइनु) ।

D. Change the forms of verbs you have used in C into their negative counterparts as in the following :

e.g. नेपालीलाई खस भाषा भनिन्थ्यो ।
नेपालीलाई खस भाषा भनिदैनथ्यो ।

E. Select the appropriate one from the given alternatives to complete the sentence :

1. घमासान लडाइँ पर्‍यो भने (a) आफू पनि मार्छु र अरूलाई पनि मार्छु
(b) आफू मार्छन् र अरू पनि मर्छन्
(c) आफू पनि मरिन्छ र अरूलाई पनि मारिन्छ
(d) आफू पनि मरिन्छु र अरूलाई पनि मार्छु

2. धेरै हिउँ पर्दा (a) विश्वविद्यालय गइनु हुँदैन
(b) विश्वविद्यालय गँइदैनन्
(c) विश्वविद्यालय नजानु होइँदैन
(d) विश्वविद्यालय गइँदैन

3. तपाईंबाट भात (a) खानु परिन्छ
(b) खाइन्छ
(c) खाइसक्छ
(d) खाइन सकिन्छ

4. राम र सीता लंका (a) पठाइयो
(b) पठाइए
(c) पठाइन लगाइए
(d) पठाउन लगाइयो

5. तिनले आफ्नी छोरीलाई (a) रुवाइन्
(b) रुवाई
(c) रुन लागिन्
(d) रुन लगाई

Lesson 11

The Infinitival Forms

1. Forms in v -नु :

(a) The infinitival form of the verb in -नु is a nominal. It occurs in the usual nominal function such as subject. e.g.

घुम्नु असल व्यायाम हो : Walking is a good exercise.

दिनहुँ घुम्नु आवश्यक छ : Walking every day is necessary. (It is necessary to walk every day).

(b) It also occurs as a grammatical subject in indirect constructions. e.g.

मलाई शिकागो जानु पर्छ : I need to go to Chicago. (It is necessary for me to go to Chicago).

मलाई शिकागो जानु छ : I have to go to Chicago.

मलाई शिकागो जानु हुन्छ : It is right for me to go to Chicago.

2. Forms in v- न :

(a) This form of the infinitive is used in the object function. e.g.

म घुम्न मन पराउँछु : I like to walk.

म घुम्न बेकार ठान्छु : I consider it a waste to walk.

(b) v- न form is also used in compound constructions involving modals such as **दिनु, सक्नु, लाग्नु/थाल्नु** e.g.

जान+दिनु : to allow to go
जान+सक्नु : to be able to go
जान+लाग्नु/थाल्नु : to begin to go

रामले छोरालाई बजार जान दियो

Ram allowed his son to go to the market.

बिरामी मान्छे फूटबल खेल्न सक्तैन

The sick man is not able to play soccer.

घर पुगे पछि ऊ गीत गाउन थाल्छे

After she reaches home, she will begin to sing songs.

(c) v- न form is also used when contained in a verbal construction, particularly to express the idea 'in order to' or 'for the purpose of'. In this construction it can optionally occur with the postposition **को लागि/लाई**.

त्यो खान बस्यो : He sat down to eat.
  खानको लागि
  खानलाई

म कमेज किन्न बजार गएँ : I went to the stores to buy a shirt.
  किन्नको लागि
  किन्नलाई

Other similar constructions without the obvious meaning of 'purpose' can be with main verbs such as **चाहनु, लगाउनु**, etc. e.g.

म खान चाहन्छु : I want to eat.
म झगडा गर्न लगाउँछु : I cause a fighting.
म खान शुरु गर्छु : I begin to eat.

PATTERN DRILLS

-नु—

(i)	बिहानै उठेर	पढ्नु	राम्रो	हो
		खेल्नु	नराम्रो	
		खानु	असल	
		नुहाउनु	खराब	
		उफ्रनु	उत्तम	
		दुगुर्नु		
		पौरनु		
		हिंड्नु		
		गीत गाउनु		
		रुनु		
		हाँस्नु		
		व्यायाम गर्नु		

(ii)	बिहान	सधैं	पढ्नु	पर्छ
	दिउँसो		खानु	हुन्छ
	राति		कसरत गर्नु	पर्थ्यो
	साँझ		हिंड्नु	हुन्थ्यो
	हामीले		उफ्रनु	
	मान्छेले		रुनु	
			हाँस्नु	
			पौरनु	
			खेल्नु	
			लेख्नु	

-न—

(i)	म	पढ्न	जान्छु
		सुत्न	जान्थें

105

म	लेख्न	खान्छु
	बस्न	खान्थें
	हिँड्न	दिन्छु
	पढाउन	दिन्थें
	लेखाउन	
	जाँच्न	
	जँचाउन	
	हेर्न	
	हेराउन	

(ii)	ऊ	भुल्न	मन	पराउँछे
		पढ्न		पराउँथी
		पकाउन		पराउली
		सिउन		गर्थी
		उफ्रन		गर्छे
		हाँस्न		गर्ली
		रुन		लगाउँछे
		लेख्न		लगाउली
		बस्न		लगाउँथी
		हिँड्न		
		घुम्न		

EXERCISES

